# विशेष अदालत

## काठमाडौं

## (प्रशासन शाखा)

बबरमहल
फोन नं. ४२४२६३६
४२४१३७४
फ्याक्सः ४२१६६५१
E-Mail: info.special@supremecourt.gov.np

प. सं. : ०७९।८०
च.नं. : ३१२२

### दोभाषे सेवाको प्रयोग सम्बन्धी विशेष अदालत काठमाडौंबाट जारी सूचना !

यस अदालतबाट सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि न्यायमा समान पहुँच पुर्याई दोभाषेमार्फत सम्बन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषामा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ सर्वोच्च अदालतबाट जारी अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरूबाट मिति २०७९।०१।१३ सूचना प्रकाशित भएकोमा पर्याप्त मात्रामा दरखास्त नपरेकाले पुनः सूचना प्रकाशन गरी इच्छुक व्यक्ति वा संस्थाहरूबाट दरखास्त माग गर्ने भनी विशेष अदालतको मिति २०७९।०७।३० मा भएको पूर्ण बैठकको निर्णयानुसार देहायबमोजिमको भाषाको सूचीमा नाम सूचीकृत गराउने प्रयोजनार्थ दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**क) आवश्यक योग्यता:**

- मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न र बोल्न जान्ने।
- सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न र लेख्न जान्ने।

**ख) उल्था गर्नुपर्ने भाषा:**

- अङ्ग्रेजी, मैथली, भोजपुरी, नेवारी, थारु, हिन्दी र साङ्केतिक भाषासमेत अन्य इच्छुक भाषा

**ग) निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्र
- सम्बन्धित भाषासम्बन्धी जानकारी भएको वा तालिम भए सो समेतका खुल्ने कागजात
- ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो

**घ) दोभाषेको पारिश्रमिक:**

- तोकिएबमोजिम हुने ।

**ङ) दरखास्त दिने अवधि:**

- सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र।

**च) अन्य आवश्यक जानकारीका लागि:**

सम्पर्क नं. ०१-५३२१७६६ (प्रशासन शाखा)

**छ) निवेदनको ढाँचा:**

अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ५(१) सँग सम्बन्धित निवेदनको ढाँचा

| क्र. सं. | दोभाषेको नाम | दोभाषेको ठेगाना | परिचयपत्र नं. | सूचीकृत भएको मिति | उल्था गर्ने भाषा | सम्पर्क नं./ इमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

विशेष अदालतको website मा रहेको PDF Format लाई Download गर्न सकिनेछ।

मिति: २०७९।०८।१९

............................
दस्तखत
...राज रेग्मी

# विशेष अदालत
## काठमाडौं

बबरमहल
फोन नं. ४२४२६३६
४२४१३७४
फ्याक्सः ४२१६६५१
E-Mail: info.special@supremecourt.gov.np


(प्रशासन शाखा)

प. सं. : ०७९।८०
च.नं. :

### निवेदनको ढाँचा
### अदालतको काम कारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ५(१) सँग सम्बन्धित निवेदनको ढाँचा

| क्र.सं. | दोभाषेको नाम | दोभाषेको ठेगाना | परिचयपत्र नं. | सूचीकृत भएको मिति | उल्था गर्ने भाषा | सम्पर्क नं./ इमेल ठेगाना |
|---|---|---|---|---|---|---|
| | | | | | | |

..................
दस्तखत